**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ फरवरी २०२६

समयः ०६ः२५ - ०६ः३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राज्यको मुख्यमंत्री ममता बनर्जीले रज्य सरकार द्वारा विधानसभामा पेश अंतरिम बजट पूर्ण रुपले जनहितैषी रहेको बताउनुभएको छ।

- यस वर्षको विधानसभा चुनाव अघि फरवरीको तेस्रो हप्तामा केन्द्रीय गृहमन्त्री अमित शाह दुई दिवसीय पश्चिम बंगाल भ्रमणमा आउने अपेक्षा गरिएको छ।

- दार्जीलिङका सांसद राजु बिष्टले ग्रामीण सडक विकासमा दार्जीलिङ अनि कालेबुङको निम्ति केन्द्र सरकारले ठूलो लगानीको घोषणा गरेको बताउनुभएको छ।

- मौसम विभागले आज दार्जीलिङ, जलपाईगडी र कुचबिहारमा बाक्लो कुहिरोको चेतावनी जारी गरेको छ।

**बंगाल-बजट**

पश्चिम बंगाल विधानसभामा राज्य सरकारले हिज अन्तरिम बजट पेश गरी सरकारी कर्मचारीहरुलाई अतिरिक्त राहत दिने घोषणा गरेको छ। राज्यको वित्त राज्य मंत्री चंद्रिमा भट्टाचार्यले हिज विधानसभामा अंतरिम बजट पेश गर्नुभयो। आगामी विधानसभा चुनाव अघि चार लाख छह हजार करोड़ रुपियाँको अंतरिम बजट विधानसभामा पेश गरिएको छ। अंतरिम बजटमा सरकारी कर्मचारीहरुका डीए मा चार प्रतिशत बढ़ोतरीको घोषणा गरिएको छ। यस बाहेक सिविक वॉलंटियर अनि ग्रीन पुलिसको वेतन मा एक हजार रुपियाँ मासिक वृद्धि गरिएको छ, जसको लागि 150 करोड़ रुपियाँको प्रावधान गरिएको छ। आशा कार्यकर्ताहरु, आंगनवाड़ी कर्मी अनि आंगनवाड़ी सहायिकाहरुको भत्तामा पनि १ हजार रुपियाँ मासिक बढ़ोतरीको घोषणा गरिएको छ। आंगनवाड़ी कर्मी अनि सहायिकाहरुको मृत्युको स्थिति मा परिवारलाई पांच लाख रुपियाँ क्षतिपूर्ती दिइने घोषणा पनि गरिएको छ, जसको लागि 280 करोड़ रुपियाँ आवंटित गरिएको छ। 'लक्ष्मी भंडार' योजना का लाभार्थीहरुलाई अब प्रति महीना ५00 रुपियाँ अतिरिक्त प्राप्त हुनेछ। यो बढ़ोतरी फरवरी महिना देखि लागू हुनेछ। यस योजनाको लागि कुल 15 हजार करोड़ रुपियाँको प्रावधान गरिएको छ। यो अंतरिम बजट सरकारी कर्मचारीहरु, महिला अनि युवाहरु प्रति केंद्रित रहेको बताइएको छ। उल्लेखनीय छ हिजको दिन नै सर्वोच्च न्यायलयले सरकारी कर्मचारीहरुलाई लंबित महंगाई भत्ता (डीए) मामलामा ठुलो फैसला सुनाउँदै 2019 सम्म डीएको 25 प्रतिशत भुगतान गर्ने निर्देश दिएको छराज्यको मुख्यमंत्री ममता बनर्जीले रज्य सरकार द्वारा विधानसभामा पेश अंतरिम बजट पूर्ण रुपले जनहितैषी रहेको बताउनुभएको छ।

**शाह- सम्भावित बंगाल भ्रमण**

यस वर्षको विधानसभा चुनाव अघि फरवरीको तेस्रो हप्तामा केन्द्रीय गृहमन्त्री अमित शाह दुई दिवसीय पश्चिम बंगाल भ्रमणमा आउने अपेक्षा गरिएको छ। भारतीय जनता पार्टीका राज्य कार्यकारिणी समितिका एक सदस्यले गृहमन्त्री १७ फरवरीको राती अथवा

18 फरवरी बिहान कोलकाता आइपुग्ने र १९ फरवरी दिल्ली फर्कने अपेक्षा गरिएको बताउनु भएको छ। यद्यपि, यो भ्रमण जनवरीको अन्त्यमा भएको उनको अघिल्लो बंगाल भ्रमणभन्दा फरक हुने बताइएको छ। त्यस समयमा गृहमन्त्री अमित शाहले उत्तर २४ परगनाको ब्यारेकपुर र दार्जिलिङको सिलगडीमा सार्वजनिक र्‍याली र पार्टी कार्यकर्ता सम्मेलनलाई सम्बोधन गर्नु भएको थियो। यस पटक, उहाँको ध्यान संगठनात्मक र प्रशासनिक बैठकहरूमा केन्द्रित हुने सम्भावना छ। राज्य भाजपा समितिका एक सदस्य अनुसार, सम्भावित भ्रमण पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्द्वारा आयोजित उच्च माध्यमिक परीक्षाको समय भएको हुनाले गृहमन्त्रीले यस पटक कुनै पनि सार्वजनिक र्‍यालीलाई सम्बोधन गर्नु हुने छैन।

**सुभेन्दु अधिकारी**

पश्चिम बंगाल भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले हिज राज्य सरकारको मतपत्रमालाई लिएर आलोचना गर्नु हुँदै यसलाई "झूटा र उद्देश्यहीन दस्तावेज" भन्नु भएको छ। उहाँले आरोप लगाउनु भयो कि यसमा गरिएका धेरैजसो वाचाहरू चुनावमुखी र कानुनी रूपमा लागू गर्न नसकिने थिए। अन्तरिम बजेटमा प्रतिक्रिया दिनुहुँदै अधिकारीले बजेटका धेरै घोषणाहरू भ्रामक रहेको बताउनु भयो । उल्लेखनीय छ, राज्य सरकारले हिज विधानसभामा आर्थिक वर्ष २०२६-२७ को लागि ४.०६ लाख करोड रुपैयाँको अन्तरिम बजेट प्रस्तुत गर्‍यो, जसमा महिला, युवा र अग्रपंक्तिमा काम गर्नेहरूका लागि बढेको नगद सहायता र भत्ताको घोषणा गरिएको थियो। राज्यमा विधानसभा चुनाव आउन तीन महिनाभन्दा कम समय बाँकी छ। श्री अधिकारीले १४ फरवरीमा अन्तिम मतदाता सूची प्रकाशन पछि जुनसुकै बेला पनि आदर्श आचारसंहिता लागू हुन सक्ने बताउनु भयो।

**एसआइआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन संशोधन, अर्थात् एसआईआरलाई लिएर चुनाव आयोग र राज्य सरकारबीच चलिरहेको विवाद अब सर्वोच्च अदालतसम्म पुगेको छ। चुनाव आयोगले सर्वोच्च अदालतमा पेश गरेको शपथपत्रमा मुख्यमन्त्री ममता बनर्जीका अभिव्यक्तिले भयको वातावरण सिर्जना भएको गम्भीर आरोप लगाएको छ। आयोगका अनुसार मुख्यमन्त्रीका भड्काउ अभिव्यक्तिका कारण चुनाव कर्मचारीहरू असुरक्षित महसुस गरिरहेका छन्, तर राज्य प्रहरीले बूथ लेभल अफिसर र अन्य कर्मचारीका उजुरीमा एफआईआर दर्ता गर्न ढिलाइ गरिरहेको छ। आयोगले हालको अवस्था एसआईआर प्रक्रियाको कमजोरी नभई राज्य सरकारको प्रशासनिक असफलता र राजनीतिक हस्तक्षेपको परिणाम भएको दाबी गरेको छ। शपथपत्रमा १४ जनवरीको मुख्यमन्त्रीको प्रेस सम्मेलन उल्लेख गर्दै एक माइक्रो–अब्जर्भरलाई सार्वजनिक रूपमा निशाना बनाइएको आरोप लगाइएको छ। यसैबीच, विभिन्न जिल्लामा हिंसा र सुरक्षा अभावका कारण चुनाव कर्मचारीहरूले एसआईआरबाट हट्न निवेदन दिएका छन्।

**सांसद-विधायक- पीएमजीएसवाई**

दार्जीलिङका सांसद राजु बिष्टले ग्रामीण सडक विकासमा दार्जीलिङ अनि कालेबुङको निम्ति केन्द्र सरकारले ठूलो लगानीको घोषणा गरिएको आफ्नो विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ । श्री बिष्ट अनुसार प्रधानमन्त्री ग्राम सडक योजना (PMGSY) अन्तर्गत दार्जीलिङ र कालेबुङ जिल्लाका पहाडी क्षेत्र (GTA) मा ४८ वटा ग्रामीण सडक परियोजना स्वीकृत भएका छन्। जसमा दार्जीलिङमा २१ सडक अनि कालेबुङमा २७ सडक निर्माण गरिने भएको छ । यस परियोजनामा लगभग २०६ करोड ९९ लाख रूपियाँ लगानी हुने बताइएको छ। जसमा दार्जीलिङका लागि ११० करोड ४ लाख अनि कालेबुङका लागि ९६ करोड ९५ लाख रूपियाँ लगानी हुने छ। सडक निर्माणले ग्रामीण बस्तीहरूमा पहुँच सुधार गर्ने, आर्थिक गतिविधि बढाउने र जनजीवनलाई सहज बनाउने अपेक्षा गरिएको छ।

**निर्वाचन आयोग-बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगाल सरकारद्वारा माग गरिएको छुट (exemption) अस्वीकार गर्दै 25 जना आई.ए.एस तथा आई.पी.एस अधिकारीलाई नयाँ दिल्ली बोलाएको छ। ती अधिकारीहरूलाई हिज र आज हुने ब्रिफिङ र समन्वय कार्यक्रममा सहभागी गराइनेछ, जहाँ उनीहरूलाई पश्चिम बंगाल, असम, केरल, तमिलनाडु र पुदुच्चेरीमा हुने आगामी विधानसभा निर्वाचनका लागि पर्यवेक्षकको रूपमा खटाइनेछ। निर्वाचन आयोगले यसअघि पटक–पटक अनुरोध गर्दा पनि पश्चिम बंगाल सरकारले वरिष्ठ आईएएस

र आईपीएस अधिकारीहरूको सूची उपलब्ध नगराएको जनाउँदै आएको थियो। राज्य सरकारको उक्त बेवास्तापछि आयोगले स्वतः निर्णय गर्दै अधिकारीहरूको सूची तयार गरेको हो। तयार गरिएको सूचीमा पश्चिम बंगालका गृह सचिव जगदीश प्रसाद मीना समेत समावेश छन्। निर्वाचन आयोगले निष्पक्ष र पारदर्शी निर्वाचन प्रक्रिया सुनिश्चित गर्न केन्द्रबाट अधिकारीहरू खटाइनु आवश्यक रहेको स्पष्ट पारेको छ। यस निर्णयलाई आगामी विधानसभा चुनावको तयारीसँग जोडेर महत्वपूर्ण रूपमा हेरिएको छ।

**राज्यसभा-हर्षवर्धन श्रृंगला**

राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले राज्यसभामा पूर्वोत्तर भारतको रेल, सड़क कनेक्टिविटी र पर्यटन क्षमतामाथि जोर दिनु भयो। उहाँले संसदमा आफ्नो वक्तव्य राख्दै पूर्वोत्तर क्षेत्रसित जुड़ेका महत्वपूर्ण मुद्दाहरू उठाउनु भयो  जसमा पूर्वाधार विकास, रेल सम्पर्क संजाल र पर्यटनका अपार संभावनाहरू माथि ध्यान केंद्रित गराउने प्रयास गरियो। उहाँले चली रहेका परियोजनाहरूको प्रगति, केंद्रीय कोषहरूको प्रयोग र यो पहल आम नागरिकहरूलाई  कसरी वास्तविक लाभ पर्याइरहेका छन्, यस बारे श्री शृंगलाले जानकारी माग्नु भयो। प्रधानमंत्रीको नेतृत्वमा आयोजित राइजिंग नर्थ ईस्ट समिटसित संबंधित एउटा प्रश्न उठाउँदै र समिटका परिणामस्वरू बमोजिम पूर्वोत्तर क्षेत्रमा घोषित निवेशलाई लागू गर्नका लागि उठाइएका  पाइलाहरूबारे जानकारी पनि शृंगलाले माग्नु भयो।

**रेल इन्जिन -आगो**

हिज दिउँसो सियालदह साउथ ब्रान्चको मगरहट स्टेशनमा रेलको इन्जिनबाट धुवाँ र आगोको झिल्का निस्किरहेको देखिएको थियो। सियालदह-डायमन्ड हार्बर डाउन रेलमा दिउँसो १ बजेर ३० मिनटतिर बजेतिर यो घटना भएको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार रेल प्लेटफर्ममा रोकिएको थियो र यात्रुहरू चढ्न हतार गरिरहेका थिए। केही यात्रुहरूले इन्जिन कोचबाट धुवाँ निस्किरहेको देखेपछि यात्रुहरू आतंकित भए र उनीहरू ओर्लन थाले। गार्डलाई तुरुन्तै जानकारी गराइयो। रेलवे अधिकारीहरू घटनास्थलमा पुगे। सुरक्षाको कारणले गर्दा रेल सञ्चालन केही समयको लागि रोकिएको थियो। पछि, अर्को प्लेटफर्मबाट यात्रुहरूको लागि वैकल्पिक रेलको व्यवस्था गरिएको थियो। आगो लाग्नुको वास्तविक कारण हाल अज्ञात छ। यद्यपि, रेलवे अधिकारीहरूले सुरुमा इन्जिन कोचमा सर्ट सर्किट भएर आगो लागेको हुन सक्ने आशंका गरेका छन्। यो विषयमा अनुसन्धान भइरहेको छ। अवस्था सामान्य भएपछि रेल सेवाहरू पुनः सुरु गरिएको थियो।

**मौसम**

मौसम विभागले आज उत्तर र दक्षिण बंगालका धेरै क्षेत्रमा कुहिरो लाग्ने पूर्वानुमान गरेको छ। पश्चिम बर्दवान, वीरभूम, पुरुलिया, झारग्राम, पूर्वी मेदिनीपुर र दक्षिण २४ परगनामा बिहान दृश्यता कम्ती हुन सक्नेछ। यसरी नै दार्जीलिङ, जलपाईगडी र कुचबिहारमा पनि बाक्लो कुहिरोको चेतावनी जारी गरिएको छ, जहाँ केही ठाउँमा दृश्यता ५० मिटरसम्म घट्न सक्छ।

****** ० ******